# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं जेठ १५ गते, २०६३ साल (संख्या ५


## भाग ३

नेपाल सरकार

अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतको स्वर्ण जयन्तीको उपलक्ष्यमा देहाय बमोजिमको डिजाइन, नाप र तौल भएको क्यूप्रोनिकेलको स्मारिका सिक्का निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकाले यो सूचना प्रकाशन गरिएको छ :-

अग्रभाग : वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक, गदा, पद्म र तल्लो भागमा २०६३ रही स्वस्तिक चिन्हभित्र श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशुल चिन्ह रहनेछ ।

पृष्ठ भाग : वरीपरि ६४ थोप्लाभित्र सवैभन्दा माथि अर्धगोलाकार रुपमा सर्वोच्च अदालत, नेपाल, त्यसभन्दा तल स्वर्ण जयन्ती २०१३-२०६३, बीचमा सर्वोच्च अदालतको भवनको आकृति, सो भन्दा मुनी सबैका लागि न्याय, त्यस भन्दा तल ५० रुपैयाँ, अंग्रजीमा Rs. 50, सबैभन्दा तल अर्ध गोलाकार रुपमा अंग्रजी अक्षरमा SUPREME COURT, NEPAL, GOLDEN JUBILEE 1956-2006 उल्लेख रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

### स्पेसिफिकेशन

| | | |
|---|---|---|
| दर | : | रु. ५०।- |
| तौल | : | ८.६ ग्राम ±३०० मिलि ग्राम |
| धातु | : | क्यूप्रोनिकेल |
| ब्यास | : | २९ एम.एम. |
| सिरेशन (डिल) | : | सादा |
| अधिकतम निष्काशन | : | १०,००० थान |

## सूचना २

नेपाल सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतको स्वर्ण जयन्तीको उपलक्ष्यमा देहाय बमोजिमको डिजाइन, नाप र तौल भएको सुनको असर्फी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकाले यो सूचना प्रकाशन गरिएको छ :-

अग्रभाग : **वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक, गदा, पद्म र तल्लो भागमा २०६३ रही स्वस्तिक चिन्हभित्र श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशुल चिन्ह रहने छ।**

पृष्ठ भाग : वरीपरि ६४ थोप्लाभित्र सबैभन्दा माथि अर्धगोलाकार रुपमा सर्वोच्च अदालत, नेपाल, त्यसभन्दा तल स्वर्ण जयन्ती, २०१३-२०६३, बीच भागमा सर्वोच्च अदालतको भवनको आकृति, सोभन्दा मुनी सबैका लागि न्याय, त्यसभन्दा तल असर्फी, अंग्रजीमा ASARFI, सबैभन्दा तल अर्ध गोलाकार रुपमा अंग्रजी अक्षरमा SUPREME COURT, NEPAL, GOLDEN JUBILEE 1956-2006 उल्लेख रहने छ।

### स्पेशिफिकेशन

| | | |
|---|---|---|
| दर | : | असर्फी |
| तौल | : | १० ग्राम ± ३० मिलि ग्राम |
| धातु | : | शुद्ध सुन |
| ब्यास | : | २७ एम.एम. |
| सिरेशन (डिल) | : | धर्सो भएको |
| अधिकतम निष्काशन | : | १००० थान |

**आज्ञाले,**

**मणिराम ओभा**

**कानून अधिकृत**



33

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## नेपाल सरकार
## अर्थ मन्त्रालयको

### सूचना १

सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को दफा १०घ. ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०५२।९।२१ को निर्णयानुसार २०५२ साल माघ देखि लागू हुने गरी सर्वोच्च अदालतका न्यायाधीशहरु प्रत्येकलाई आफू बहाल रहेको अदालतमा बहाल रहेसम्मको अवधिको लागि पियनले पाउने शुरु स्केलले तलब पाउने गरी ज्यालादारीमा अर्दली भर्ना गर्न पाउने सुविधा दिएकोले यो सूचना प्रकाशन गरेको छ ।

### सूचना २

पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ को दफा ३४ क. ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०५२।९।२१ को निर्णयानुसार २०५२ साल माघदेखि लागू हुने गरी पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरु प्रत्येकलाई आफू बहाल रहेको अदालतमा वहाल रहेसम्मको अवधिको लागि पियनले पाउने शुरु स्केलले तलव पाउने गरी ज्यालादारीमा अर्दली भर्ना गर्न पाउने सुविधा दिएकोले यो सूचना प्रकाशन गरेको छ ।

### सूचना ३

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी अपाङ्गहरुको पुनर्स्थापनामा सहयोग पुऱ्याउनका लागि Wheelchair Foundation को सहयोगमा Rotary Club of Kathmandu Metro का.म.न.पा. वडा नं. २९, ठमेल, काठमाडौंले प्राप्त गर्ने अमेरिकी डलर २१२१६.९० (एक्काईस हजार दुईसय सोह्र सेन्ट नब्बे) मूल्य बराबरको २८० थान ह्वील चेयर र सोको पार्ट्सहरुमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण रुपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी B.P. Koirala Memorial Cancer Hospital, Bharatpur Chitwan ले आयात गर्ने युरो ७,७५८.०० (सात हजार सात सय अन्ठाउन्न) र युरो १,५९०.०० (एक हजार पाँच सय नब्बे) मूल्य बराबरको मेडिकल उपकरणहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल टेलिभिजनको प्रसारण विस्तार तथा सुदृढीकरण आयोजना अन्तर्गत ESSEL SHYAM TECHNOLOGIES LIMITED U.P., INDIA बाट आयात गरिने अमेरिकी डलर ४,४४,२३८.०० (चार लाख चौवालीस हजार दुई सय अठ्तीस) मूल्य बराबरको प्रसारण उपकरणमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिका वडा नं. ६, बौद्धस्थित श्री त्रिकाल मैत्रेय बुद्ध विहार गुम्बाले Fortune Printing International Limited हङ्गकङ्गबाट हङ्गकङ्ग डलर १,७१०.०० (एकहजार सात सय दश) मूल्य बराबरको धर्म सम्बन्धी मन्त्र छापिएको ३८ बाकस पोष्टकार्डहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय, इञ्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत थापाथली क्याम्पसका लागि MEIJO UNIVERSITY, JAPAN बाट उपहार स्वरुप प्रदान गरिने जापानी येन १६,००,०००.०० (सोह्र लाख) मूल्य बराबरको सर्भे सामग्रीहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ८

नेपाल सरकारले पश्चिमाञ्चल ग्रामीण विकास बैंकमा रहेको नेपाल सरकारको रु. १००।- मूल्यका ९९,००० कित्ता शेयर बिक्री गरी यस बैंकलाई निजीकरण गर्ने निर्णय गरेकोले निजीकरण ऐन, २०५० को दफा ६ को उपदफा (१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी जिल्ला विकास समिति म्याग्दीले खरिद गर्ने गा.रु. ६,२०,०००।- मूल्य बराबरको TATA SUMO गाडी आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर र अन्तःशुल्क समेत छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध छाता संस्था नेपाल, धापासी-७ काठमाडौंको लागि दातृ संस्था SI-EUN Sung Youngone Corporation, Seoul, Korea बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ६,९७०.०० (छ हजार नौ सय सत्तरी) मूल्य बराबरको नयाँ लत्ता कपडा एवं जुत्ताहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध नक्साल, काठमाडौं स्थित Health Care Foundation, Nepal नामको संस्थाद्वारा सञ्चालित राष्ट्रिय मृगौला उपचार केन्द्रका लागि जर्मन नागरिक Mrs. Beate Vogt Goslar बाट उपहार स्वरुप प्रदान गरिने युरो १२,७१३.०० (बाह्र हजार सातसय तेह्र) मूल्य बराबरको औषधि उपकरणहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १२

श्री ५ को सरकार, मन्त्रिपरिषद्को मिति २०६३।१।२९ को निर्णयानुसार राजस्व बुझाउने र बिलम्व शुल्क मिन्हा दिने सम्वन्धमा देहाय बमोजिमको व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

१. मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८, आयकर ऐन, २०५८ र तत्सम्वन्धी नियमावलीहरु तथा आर्थिक अध्यादेश, २०६२ बमोजिम २०६२ चैत्र २४ गतेदेखि २०६३ बैशाख ११ गतेसम्म विवरण तथा राजस्व बुझाउने गरी व्यवस्था भएकाको हकमा यस्तो विवरण र राजस्व बुझाउने म्याद २०६३ जेष्ठ २५ गतेसम्म दिने ।

२. २०६२ चैत्र २४ गतेदेखि २०६३ बैशाख ११ गतेभित्र गोदाम प्रविष्ट भैसकेका मालवस्तुहरु भन्सार कार्यालयहरुबाट छुटाउन नसकि भन्सार ऐन र तत्सम्वन्धी नियमावली बमोजिम विलम्व शुल्क लाग्न गएको भएमा त्यस्ता सामानहरुमा २०६३ जेष्ठ २५ गतेसम्म लाग्न गएको बिलम्ब शुल्क मिन्हा दिने ।

आज्ञाले,
मणिराम ओझा
कानून अधिकृत



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
गौ.हु.द.नं. १६।०६२।६३

०१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार